महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

मायादेवी गाउँपालिका रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्या: २०७८।७९

च.नं. ९६४

मिति: २०७९।३।२३

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. मायादेवी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ३ करोड ३६ लाख १२ हजार बेरुजू देखिएको छ। पालिकाले प्रतिक्रिया नपठाएकाले बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३६ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७२ लाख ७ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २७ लाख ४५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्मको बेरुजू बाँकी रु ४ करोड ५२ लाख ८ हजार रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ८८ लाख २० हजार रहेको छ । मायादेवी गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।

३. मायादेवी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

मायादेवी गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५०	५१	३३६१२	०	०	०	५०	५१	३३६१२	३६६०	१२७४५	१७२०७	०	०	२९९५२	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	४५२०८	०	०	४५२०८	०	३३६१२	७८८२०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मायादेवी गाउँपालिका, रुपन्देही , मायादेवी गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Rishiram Panthi	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Ram Prasad Bhattrai	२०७८-८-५	
लेखा प्रमुख	Omesh Kumar Gaire	२०७७-४-१	
		बेरुजु रकम	३३,६१२,१७७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८,८२,०९,७७२.५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३५,३५,३१,०४०	**चालु खर्च**	२५,७६,८६,१२८.२
प्रदेश सरकारबाट अनुदान	४,२५,९२,०००	**पूँजीगत खर्च**	२७,५०,१०,६०८.८
राजश्व बाँडफाँट	९,८४,६४,३२७.२२	**वित्तीय/अन्य व्यवस्था**	१७,४६,८४,५५२.२
आन्तरिक आय	८,०७,६७,५१२.८९		
अन्य आय	१४,३१,१७,९५३.१		
कुल आय	७१,८४,७२,८३३.२१	**कुल खर्च**	७०,७३,८१,२८९.२
बाँकी मौज्दात		९,९३,०१,३१६.४८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मायादेवी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मायादेवी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ७२.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४१९६ जनसंख्या रहेको छ ।	
२			**स्थानीय संचित कोष** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान र सहायता आन्तरिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आयव्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम छ ।	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		88209772.5	१	चालु खर्च	257686128.2	257686128.2
	क) नगद			२	पूँजीगत खर्च	275010608.8	275010608.8
	ख) बैंक	88209772.5		३	वित्तिय व्यवस्था भुक्तानी		0
२	राजस्व (आन्तरिक आय)		179231840.1		क) ऋण भुक्तानी	0	
	क) आन्तरिक राजस्व	80767512.89			ख) ब्याज भुक्तानी	0	
	ख) राजस्व बाँडफाँड	98464327.22			ग) अन्य भुक्तानी	0	
	ग) अन्य आय			४	लगानी		0
३	वित्तिय हस्तान्तरण संघ		353531040		ऋण लगानी	0	
	क) वित्तिय समानीकरण अनुदान	140500000			शेयर लगानी	0	
	ख) सशर्त अनुदान	188360540			अन्य लगानी	0	
	ग) समपूरक अनुदान	14670500		५	धरौटी फिर्ता	6330761	6330761
	घ) विशेष अनुदान	10000000		६	जनश्रमदान फिर्ता	0	0
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		42592000	७	कोष फिर्ता	0	0
	क) वित्तिय समानीकरण अनुदान	5679000		८	मौज्दात		71850701.37
	ख) सशर्त अनुदान	14850000			क) बैंक मौज्दात	71850701.37	
	ग) समपुरक अनुदान	16063000			ख) नगद मौज्दात	0	
	घ) विशेष अनुदान	6000000		९	शसर्त अनुदान फिर्ता	59017214.23	59017214.23
५	अन्तर स्थानीय तहबाट प्राप्त		0	१०	गत बर्षको बढी अल्या		
६	अन्य		0	११	जनश्रमदान मौज्दात		

	क) क्षेत्रीय शहरी विकास योजना	0		१२	धरौट मौज्दात	13075380.11	13075380.11
	ख) सडक बोर्ड नेपाल	0		१३	कोष खाताको मौज्दात		
	ग) पर्यटन बोर्ड नेपाल	0		१४	सामाजिक सुरक्षा	93564000	93564000
	घ) एन एन एस डब्लु ए	0		15	स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम	5685663	5685663
७	विभिन्न कोषतर्फको आय	0		16	प्रकोप व्यवस्थापन खर्च	10086914	10086914
८	जनसहभागिता (नगद)	0		17	प्रकोप व्यवस्थापन कोष मौज्दात	11847035	11847035
९	विषयगत निकायबाट प्राप्त			18	कर्मचारी कल्याण कोष	40000	40000
१०	धरौटी आय	19406141.11	19406141.11	19	लैंगिक हिंसा निवारण कोष मौज्दात	100000	100000
११	लगानीको साँवा फिर्ता			20	कर्मचारी कल्याण कोष मौज्दात	2388200	2388200
१२	सामाजिक सुरक्षा	93564000	93564000				
१३	स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम	5685663	5685663				
१४	कर्मचारी कल्याण कोष	2428200	2428200				
१५	लैंगिक हिंसा निवारण कोष	100000	100000				
१६	प्रकोप व्यवस्थापन कोष	21933949	21933949				
	जम्मा	806682605.7	806682605.7		जम्मा	806682605.7	806682605.7

३			**पदाधिकारी सुविधा र विविध खर्च**	
३.१			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा	

			कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१६४४०००/-, टेलिफोन तथा मोवाइल रु.१४२२०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१२७२०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.२१६००००/-, अतिथि सत्कारमा रु. ५११६०००/-, खानेपानी र सरसफाईमा रु.१२०००००/-, मर्मत संभार विजुलीमा रु.१२०००००/- चाडपर्व खर्चमा रु.५२२०००/- समेत रु.५८३२०००/- खर्च भुक्तानी गरेको देखियो ।	
३.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४२४ जनालाई २९,८०,१९५। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
४			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागी तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न सकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न ३५ जना कर्मचारीहरु करारमा राखी रु. ९९०९७९८ खर्च लेखेको छ ।	
४.२			निजामती सेवा ऐन, २०४९को दफा ७(ख)२वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।	
५			**महोत्सव तथा विविध खर्च**	
५.१			आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. २९८०१९५।-आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
५.२			अनुदान फिर्ता– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकार शर्शतबाट रु १४८५००००० वजेट प्राप्त भएकोमा खर्च गरि फिर्ता गर्न वाँकी रकम रु ३८७७०८ नियमानुसार फिर्ता गर्नु पर्ने रु	३८७,७०८
६			**औषधी र उपकरण खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले औषधी खरिद गर्दा खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्नेमा यस आ.व.मा पालिकाले खरिद कार्यको पूर्वतयारी र आवश्यकता पहिचान नगरी पालिकाले औषधी, कीट तथा स्वास्थ्य उपकरणहरु पटक पटक सोझै खरिद गरी खर्च गरेको रकम रु ३,६३,८७५ देखिन्छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ । खरिद सामग्री सम्बन्धि विवरण निम्न बमोजिम रहेको देखिन्छ ।	

सामानको नाम	सामानको छोटो स्पेशिफिकेशन	खरिद सम्झौता मिति	सामान प्राप्त मिति	इकाई	परीमाण	दर	कुल रकम
पिपीईसेट रियुजेबल		078/02/07	078/02/07	पिस	१०	3390	33900
मास्क		०७७/०९/२३, ०७८/०१/१६	०७७/०९/२३, ०७८/०१/१६	पिस	१५०००, ४००००	४	220000
भिटीएम		०७८/०२/१६	०७८/०२/१६	पिस	५०	१६९.५	८४७५
		077/07/12	077/07/14		100	350	39550
		077/06/20	077/06/25		190	350	75145

७

पेश्की व्यवस्थापन

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम ५२(३) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

८

बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आयव्ययको विवरण असार १० गते प्रस्तुत भई असार १० गते पारित भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा साउन ३१ गते मात्र अख्तियारी प्रदान गरेको पाइयो । तसर्थ कानुनले तोकेको समयमा अख्तियारी प्रदान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९

बजेट सिमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१०

बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११

क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	47247000	34446932	73%
२	पूर्वाधार विकास	321796013	253792951	79%
३	सामाजिक विकास	177781000	141412829	80%
४	बातावरण तथा विकास			
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	28265000	10626616	38%
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	93358942	92417409	17.35

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८० प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा ३८ प्रतिशतबजेट विनियोजन गरेको देखिन्छ ।

१२

सम्पतिको अभिलेख र नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम कतिपयको प्रोफाइल तयार गरेको तथा कतिपयको तयार गरिएको तर व्यवस्थित तरिकाले नरहेकोले सबैको प्रोफाइल तयार गरी व्यवस्थित तरिकाले राख्नु पर्ने देखिन्छ ।

१३

चौमासिक पूजिगत खर्च

आर्थिक कार्यविधि तथा वितियउत्तरदायित्व नियमावली को नियम ३५ बमोजिम स्वीकृत भएको अनुसुची २ बमोजिकको ढाचामा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

क्र.स.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	257686128	60670175.4	71080357.3	125935596	53513798.1
२	पूँजिगत खर्चतर्फ	275010609	40539506	66844014	167627089	99361561.8
	जम्मा	532696737	101209681	137924371	293562684	152875360
	प्रतिशत		१५	२४	६१	३६

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्चतर्फ वार्षिक रू. २७ करोड ५० लाख १० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ४ करोड ५ लाख ३९ हजार अर्थात १५ प्रतिशत, दोश्रो चौमासिकमा रू. ६ करोड ६८ लाख ४४ हजार, अर्थात २४ प्रतिशत र तेश्रो चौमासिकमा रू. १६ करोड ७६ लाख २७ हजार मात्र अर्थात ६१ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू. ९ करोड ९३ लाख ६१ हजार अर्थात ३६ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१४			**कानून र संचालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३ वटा नियमावली, १२ कार्यविधि लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। तसर्थ आवस्यक कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१५			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको गरी कुल ४८ विवाद दर्ता भएकोमा ४७ वटा मात्र फछ्र्यौट भएको र १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१६			**शिक्षक दरबन्दी र पदपूर्ति** पालिकाले उपलब्ध गराएको विवरण अनुसार सार्वजनिक विधालयहरुमा शिक्षकको दरबन्दी निन्म बमोजिम रहेको पाइन्छ । जसमा सबैभन्दा बढी दरबन्दी भएको विधालय बरेवा मा वि जसमा शिक्षकको दरबन्दी २० जना र पदपूर्ती पनि २० जना रहेको छ भने सबैभन्दा कम दरबन्दी भएको विधालय कोटही प्रा वि, सितेश्वर प्रा वि र जनता प्रा वि रहेको छ जसमा शिक्षकको दरबन्दी १-१ वटा रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले दरबन्दी मिलान गरी दरबन्दी नभएको वा दरबन्दी कम भएको विधालयमा दरबन्दी बढाउनका लागि पहल गरी दरबन्दी अनुसार पदपूर्ती गरी पठनपाठनलाई सुचारु गर्न आवश्यक देखिन्छ ।	

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	नवजागृती आवि	7	6	2	385
2	जनहित प्रा.वि	5	4	2	214
3	जनजागृति आवि	8	7	2	620
4	हाजी ऐनायतुल्लाह	19	19	9	515
5	गुरुवानीमाई मावि	9	9	5	632
6	लुक्ठहवा मावि	7	7	3	543
7	बसौंली प्रावि	3	2	0	163
8	सरस्वती प्रावि	2	2	2	362
9	कोटही प्रावि	1	1	0	158
10	तिनाउ मावि	5	5	2	362
11	गैरकट्टी मावि	10	9	3	522
12	सिद्धार्थ बालनिकेतन मावि	6	6	2	249
13	जनचेतना आवि	6	6	1	362
14	तिलौरी आवि	4	4	3	255
15	सेमरी मावि	12	11	8	950
16	सुण्डी मावि	6	6	2	880
17	बरेवा मावि	20	19	1	970
18	भिलरहवा मावि	7	5	2	970
19	सन्तेश्वर प्रावि	1	1	0	281
20	जनता प्रावि	1	1	0	209

१७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१८

अनुदानको सदुपयोग

१,९५०,०००

कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । निम्न विधालयहरुलाई शैक्षिक गुणस्तर सुद्धिढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान निकासा दिएको छ । यसरी पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको यकिन हुनुपर्ने रु

सि.न.	विधालयको नाम	अनुदान शिर्षक	निकासा
१	श्री सुण्डी मा.वि.बनकसिहा मायादेवी ४	आसिटि अनुदान	६५००००
२	श्री गुरुवानी माई मा.वि. मायादेवी ५	विज्ञान प्रयोगशाला	६५००००
३	श्री गैरगट्टी राम दुलारे मिश्र मा.वि.मायादेवी ७	पुस्तकालय अनुदान	६५००००
	जम्मा		१९५००००

१९

विधालय पाठ्यपुस्तक

मन्त्रालयको परिपत्र अनुसार कोभिड कारणले उत्पन्न परिस्थितिले शैक्षिक सत्र ढिला भएकोले एकमुष्ट अनुदान दिने परिपत्र गरिए बमोजिम पालिकाभित्र रहेका विधालयहरुले विधार्थी संख्या यकिन गरी पाठ्यपुस्तक खरिद गरी वितरण गरिनु पर्दछ । तर विधालयहरुको विधार्थी संख्या यकिन हुन नसकि एकमुष्ट imeis संख्याको आधारमा अनुदान निकासा गरेको र विधालयले सोहि आधारमा खरिद गरेकोले मौजदात कति रहेको तथा वास्तविक रुपमा कति खरिद गरिनु पर्ने विषय विधार्थीहरुको संख्या यकिन गरी संख्याका आधारमा खरिद गरिनु पर्दछ।

२०

जोखिमको पूर्व तयारी

पालिकाले कोभिड १९ को संभावित लहरको आँकलन र पूर्वतयारी सम्बन्धमा निम्न कार्य गरी खर्च लेखेको देखिन्छ । जसमा अस्थायी कोभिड अस्पतालको लागि आइसोलेशन बनाउनको लागि मात्र खर्च गरेको छ । यस सम्बन्धि विवरणहरु देहाय बमोजिम रहेका छन ।

पूर्व तयारी सम्बन्धी गरिएको कार्य	सम्पादन भएका प्रमुख क्रियाकलापहरु	खर्च रकम
स्वास्थ्य विपत व्यवस्थापन समिति र RRT बैठक	RRT टिम परिचालन	
CICT टिम गठन	CICT टिम परिचालन	
आइसोलेसन कोभिड अस्पताल संचालन	कोभिड अस्पताल संचालन तथा व्यवस्थापन	1000000

२१

कोभिड आम्दनी र खर्च विवरण

कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. २,१९,३३,९४९ ।- प्राप्त गरी रु. १,००,८६,९१४।- खर्च गरेको छ । यसमा प्रकोप व्यवस्थापनको खर्च समेत जोडिएको देखिन्छ । जसको विवरण देहायअनुसार रहेको छ ।

आम्दानी	रकम	खर्च	रकम
गत वर्षको मौज्दात	18560949	क्वारेन्टाइन खाना खर्च	689698
आन्तरिक श्रोत	673000	एम्बुलेन्स मर्मत	40500
संघीय सरकारबाट प्राप्त	1000000	प्रचार प्रसार	226320
कोभिड बिमाबाट प्राप्त	1700000	शव व्यवस्थापन	57275
		आइसोलेशन व्यवस्थापन	1000000
		शितलहर	547199
		जोखिम भत्ता	1743726
		औषधिजन्य सामग्री खरिद	2035930
		कोभिड बिमा	1700000
		विविध	2046266
		जम्मा खर्च	10086914
जम्मा	21933949	बाकी मौज्दात	11847035

२२

जोखिम भत्ता

पालिका भित्र कोभिड १९ माहामारीमा प्रत्यक्ष संलगन रहेका स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप ६३ जना स्वास्थ्य कर्मि, ड्राइभर र का.स.समेत गरी जोखिम भत्ता उपलब्ध गराएको रकम रु १७,४३,७५६ खर्च लेखेको पालिकाले जनाएको छ । जोखिम भत्ताको सम्बन्धमा नेपाल सरकारले जारी गरेको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम पहिलो पंतिमा काम गर्ने कर्मचारीलाई ७५ प्रतिशत र दोस्रो पंतिमा काम गर्ने कर्मचारीलाई ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था भएकोमा पालिकाले यसको पालना गरेको बारे आस्वस्थ हुन सकिएन ।

२३

क्वारेन्टिन र आइसोलेशन व्यवस्थापन

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र रहेका क्वारेनटाइन होल्डिङ्ग सेन्टर निर्माण र आइसोलेशन सेन्टर संचालनका लागि पालिकाले निम्न बमोजिम क्रमशः ६,८९,६९८ र १०,००,००० खर्च गरेको जनाएको छ । आइसोलेशन सेन्टरमा बेड क्षमता १० वटा रहेकोमा दैनिक बस्ने विरामीको अधिकतम संख्या ४ जना बसेको र जम्मा बस्ने विरामीको संख्या २० जना रहेको जनाएको छ ।

२४

आन्तरिक नियन्त्रण

२४.१

आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

ख) आर्थिक विवरण – आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७7 माघ) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ ।

ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको बार्षिक स्विकृत कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भएको पाईयो ।

ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई सामान वितरण गरेको पाईयो ।

च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।

छ) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको ईटिडिएस गरेको पाइएन।

ज) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गरेको पाईएन ।

ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसवर्ष कार्यसम्पन्न भएका विभिन्न योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट स्विकृत भएका विभिन्न योजना निर्माण गर्न गठन भएका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार दर्ता गरेको पाईएन ।

ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

ढ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका र अन्तर्गत समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछ्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयहरुको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले कार्यालयले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

त) कार्यविवरण – कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा नदिएकोले कार्य विवरण समेत तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ । थ) अभिलेख –कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।

द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, तथा स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख भएको पाइएन ।

ध) निर्माण कार्यको नापी किताव तयार गरी उक्त नापी कितावलाई अद्यावधिक गरी राख्नुपर्नेमा नापी लुज पेपरमा भर्ने गरेको पाइयो ।योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।

न) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पूर्ण पालना गरी खरिद कार्य गरेको देखिएन ।

ऩ) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन ।

प) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन ।

फ) जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वियन नभएको।

ब) पालिकाले कार्यालयमा सकेसम्म एक कर्मचारीलाइ एक मात्र शाखा प्रमुखको जिम्मेवारी दिनुपर्दछ । कार्यालयमा जनशक्तिको उपलब्ध नभएको अवस्थामा मात्र शाखाको कार्यवोझ हेरेर एक भन्दा वढी शाखाको जिम्मेवारी दिनुपर्दछ । प्रयाप्त कर्मचारी भएको अवस्थामा समेत पालिकाले एकभन्दा बढी शाखाको जिम्मेवारी दिएको देखियो ।कार्यालयले एक कर्मचारीलाइ एक

			शाखाको मात्र जिम्मेवारी दिने तर्फ ध्यान दिनुपर्दछ । अत: आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।	
२४.२			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
२४.३			बेरुजु अभिलेख: मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
२५			**खरिद व्यवस्थापन**	
२५.१			सवारीसाधन खरिद– स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान मोटरसाइकल खरिदमा रु. १४१७३९९। बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधान उपयोग गर्नु पर्दछ ।	
२५.२			ठेक्काको विवरण– निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।	
२६			**सम्पत्ति उपयोग र संरक्षण**	
२६.१			**सम्पत्तिको अभिलेख र व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	

२६.२			गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
२७			**वित्तीय विवरण परीक्षण**	
२७.१			आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमहरुको चौमासिक विवरण तयार गरी कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति तयार पारेको देखियो । पालिकाले कानुन बमोजिम योजना तथा कार्यक्रमहरुको चौमासिक प्रगती विवरण तयार गर्नु पर्दछ ।	
२७.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी नगरी एकमुष्ट रु.600000/- कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ ।	
२७.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२७.४			**बैंक हिसाब मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.	२,३६८,५५१

क्र.सं.	खाताको नाम	श्रेस्ताअनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
1	संचित कोष खाता	38531611.41	71850701.37	33319089.96
2	चालु खाता	9022461.75	27939274.26	18916812.51
3	पूँजीगत खाता	24296628.21	54303577.21	30006949
4	प्रकोप व्यवस्थापन कोष	11847035	11957469.7	110434.7
5	धरौटी खाता	13075380.11	10706829.11	-2368551
	जम्मा	96773116.48	176757851.7	79984735.17

२८			**आन्तरिक राजश्व नियन्त्रण**	
२८.१			**राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको रावश्व शाखाले उपलब्ध गराएको विवरण अनुसार 2077/04/01 देखि 2078/03/31 सम्म राजश्व काउन्टर बाट यसवर्ष Software प्रयोग गरी विभिन्न 17 वटा राजश्व शिर्षकमा रु.1,42,37,711.92 राजश्व संकलन गरेकोमा रु.1,41,05,997.13 मात्र बैंक दाखिला गरी रु.131714.79 दाखिला गर्न बाँकी देखियो । गाउँपालिकाले ऐनबमोजिम पालिकाको नगद संकलन केन्द्रबाट घटी दाखिला रकम १० प्रतिशत जरिवाना सहित रु.144887/- प्राईम बैंक लिमिटेड मा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खातामा मिति 2078/10/26 मा दाखिला भएको छ ।	
२८.२			**सफ्टवेयर प्रयोग र रसिद रद्दः** सफ्टवेयर बाट प्रयोगकर्ता (User) ले रसिद सिर्जना (Generate) गरिसकेपछि पूनः सोही रसिद नम्बर दोहोरिदैन, रद्ध भएको रसिद जुन मितिमा जुन ग्राहकको नामबाट रद्ध भएको हो सोहि मितिमा वा नजिकको मितिमा सोहि व्यक्ति वा संस्थाको नाममा सोहि पछिको वा नजिकको रसिद क्रमसंख्यामा जारी भएको हुनुपर्छ र रसिद दोहोरो सिर्जना भयमा तुरुन्तै मुख्य प्रयोगकर्ता वा निर्माणकर्ता (Developer) सँग अनुमति लिई त्यस्तो रसिद रद्ध भएको कारण सहित कार्यालय प्रमुखलाई जानकारी गराई अभिलेख राख्नुपर्दछ । गाउँपालिकाको राजश्व शाखाबाट निम्नलिखित मितिमा निम्नानुसारको प्रयोगकर्ताबाट सफ्टवेयरमा रद्ध जनाईएका रसिद नम्बरहरुको अभिलेख राखेको छैन । एकै आर्थिक वर्षमा कार्यालय प्रमुख र लेखा प्रमुखलाई समेत जानकारी नहुने गरी रद्ध भएको र रसिद रद्ध भएको कारणमा रसिद लिन नआएको, गलत प्रविष्टी भएको जस्ता कारण उल्लेख गरेको पाईयो । सामान्यतया नगद बुझेपछि मात्र रसिद सिर्जना हुने र गलत प्रविष्टि भए अर्को रसिद सिर्जना गरी गलत प्रविष्टि भएको रसिदको विवरण तयार गरी अभिलेख राख्नुपर्नेमा गाउँलिकाले निम्नानुसार नगदी संकलन केन्द्र र सम्पत्तिकर संकलन केन्द्रबाट रसिद नम्बरहरु एकपल्ट रद्ध गरेकोमा अभिलेख नभएको बाट वास्तविक आम्दानी एकिन गर्न सकिएन । यस सम्बन्धी व्यहोरा निम्न छन्	१,८२४,०००

क्र.सं.	करदाताको नाम	रसिद नम्बर	करको प्रकार	रद्ध भएको मिति	रकम	संकलन गर्नेको नाम
1	जे.के. कन्स्ट्रक्सन	2021	नगदी	4/8/2077	2030	राम प्रकाश यादव
2	अनिरुद्र प्रसाद चौधरी थारु	2055	सम्पत्तिकर	4/20/2077	392	राम प्रकाश यादव
3	विन्द्रमती लोहार	2057	नगदी	4/20/2077	500	राम प्रकाश यादव
4	तेज बहादुर खत्री	2138	सम्पत्तिकर	6/6/2077	205	राम प्रकाश यादव
5	भेलई चमार	2139	सम्पत्तिकर	6/6/2077	1292	राम प्रकाश यादव
6	शिब पुजन प्रसाद बरई	2163	सम्पत्तिकर	6/13/2077	7148	राम प्रकाश यादव
7	शिव शंकर पाण्डे	2167	सम्पत्तिकर	6/28/2077	16148	राम प्रकाश यादव
8	शहिद फकिर	2180	सम्पत्तिकर	6/15/2077	5691	राम प्रकाश यादव
9	नेपाल अम्बुजा उद्योग प्रा.लि.		सम्पत्तिकर	6/30/2077	220739	राम प्रकाश यादव
10	सिद्वार्थ सिमेन्ट उद्योग		सम्पत्तिकर	8/9/2077	85238	राम प्रकाश यादव
11	नेपाल अम्बुजा सिमेन्ट उद्योग प्रा.लि.		नगदी	6/29/2077	386300	राम प्रकाश यादव
12	अग्री सिमेन्ट ईण्डष्ट्रीज प्रा.लि.		सम्पत्तिकर	7/28/2077	197693	राम प्रकाश यादव
13	आयुष भवन निर्माण	2414	नगदी	12/12/2077	5690	राम प्रकाश यादव
14	क्वालिटी रोतो प्याकेजिङ प्रा.लि.		सम्पत्तिकर	12/12/2077	118940	राम प्रकाश यादव
15	श्याम प्लाई उड्स ईण्डष्ट्रिज	2501	सम्पत्तिकर	12/13/2077	52609	राम प्रकाश यादव
16	घराना फुड्स प्रा.लि.	2503	सम्पत्तिकर	11/13/2077	221608	राम प्रकाश यादव
17	श्याम ग्लास ईण्डष्ट्रिज प्रोप्राईटर्स	2535	सम्पत्तिकर	11/13/2077	114596	राम प्रकाश यादव
18	लुम्बिनी शिक्षा निकेतन प्रा.लि.	2551	नगदी	11/13/2077	115128	राम प्रकाश यादव
19	जल देवी बोर विल सेवा	2742	नगदी	11/13/2077	510	राम प्रकाश यादव
20	हरिराम सुनार	3351	नगदी	12/12/2077	11089	राम प्रकाश यादव
21	अमर निर्माण सेवा	3514	नगदी	12/23/2077	15010	राम प्रकाश यादव

22	पवन पाण्डेय	3519	नगदी	12/25/2077	60	राम प्रकाश यादव
23	राम भवन चाई	3559	नगदी	1/8/2078	3000	राम प्रकाश यादव
24	राजेन्द्र सहानी	3561	नगदी	1/8/2078	3000	राम प्रकाश यादव
25	साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड	3575	नगदी	1/8/2078	152909	राम प्रकाश यादव
26	साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड	3576	नगदी	1/8/2078	122000	राम प्रकाश यादव
27	बिजार्ड फ्रिग्रेन्स ईण्डष्ट्रिज	3583	नगदी	1/8/2078	100410	राम प्रकाश यादव
28	रिलायन्स पेपर मिल्स प्रा.लि.	3584	नगदी	1/8/2078	157810	राम प्रकाश यादव
29	दिनेश कुमार शर्मा	3606	नगदी	1/8/2078	7000	राम प्रकाश यादव
30	दिनेश कुमार शर्मा	3607	नगदी	1/19/2078	6000	राम प्रकाश यादव
31	अमृत कन्स्ट्रक्सन	3611	नगदी	1/8/2078	1000	राम प्रकाश यादव
32	राम नारायण बरई	3677	नगदी	1/19/2078	11016	राम प्रकाश यादव
33	सिद्धार्थ फ्लोवर मिल प्रा.लि.		नगदी	3/31/2078	175120	राम प्रकाश यादव
34	साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड	3815	नगदी	3/31/2078	152909.07	राम प्रकाश यादव
35	साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड	3816	नगदी	3/31/2078	122000.01	राम प्रकाश यादव
36	सिद्धार्थ कोल्ड स्टोरेज एण्डआईस ईण्डष्ट्रिज प्रा.लि.	3836	नगदी	3/31/2078	50410	राम प्रकाश यादव
37	निलेशनाथ यादव	3859	नगदी	3/31/2078	1000	राम प्रकाश यादव
	रसिद रद्ध भएको जनाएको तर रसिद नभेटिएको र बैंक Statement सँग पनि नभिडेको जम्मा				2644200.08	
	जरिवाना बाहेक ले.प.को क्रममा असुली भएको				932977	
	बाँकी				1711223.08	
	बैंक Statement मा मिति २०७८/०२/३० गते जम्मा गरेको देखिएको				1824000	

(क) एकमुष्ट दाखिला सम्बन्धमाः गाउँपालिकाले रद्ध भएको जनाएको रसिद वापतको जम्मा आम्दानी रु.2644200.08 रहेकोमा लेखापरीक्षणको क्रममा रु.932977/- र सोको 10 प्रतिशत जरिवाना सहित रु.1026274/- असुल भएको छ । लेखापरीक्षणको क्रममा असुल भएको रकम घटाउँदा बाँकी हुने रु.1711223/- मध्ये राम प्रकाश यादवले मिति 2078/02/30

गते पालिकाको आन्तरिक राजश्व खातामा एकमुष्ट रु.1824000/- दाखिला गरेको र सोहि रकममा बाँकी वापतको रकम समावेश भएको पालिकाले जनाएको छ । तर एकमुष्ट रुपमा आर्थिक वर्षको अन्त्यमा सो रकम कुन कुन व्यक्ति तथा संस्थाको नामबाट जारी भएका रसिद वापतको हो सोको विवरण दाखिला भौचर सँग संलग्न छैन । विवरण नै तयार नगरी के के वापत सो जम्मा भएको हो? सो रकम यसै आर्थिक वर्षको माथि उल्लेखित रद्ध भएका रसिदहरु वापतको नै हो/ होईन सोको विवरण तयार गरेको छैन । यसले गर्दा वास्तविक राजश्व सम्बन्धमा एकिन हुन सकेन । विवरण नै तयार नगरी एकमुष्ट राजश्व दाखिला गरेकोले छानविन गरी घटी राजश्व दाखिला भएको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

२८.३ (ख) उल्लेखित राजश्व रु.1824000/- ढीलो दाखिला भएकोमा 10 प्रतिशत जरिवाना रु.182400/- सम्बन्धित बाट असुल हुनुपर्ने रु. १८२,४००

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**असुली रकम**
२८.३.१	राम प्रकाश यादव	१,८२,४००

२८.४ कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आम्दानी शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	2500000	2104604	84
घरजग्गा बहाल कर	1050000	1159682	110
व्यवसाय कर	2000000	1924980	96
वहाल बिटौरी शुल्क	418000	13300	3

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२९ **पदाधिकारीलाई वढी भुक्तानी** १६०,०००

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । २०७६/३/२४ को राजपत्रमा प्रकाशित पहिलो संसोधन ऐन, २०७६ बाट वडा अध्यक्ष ज्यू हरुको खानेपानी तथा सरसफाई र मर्मत संभार खर्च झिकिएको छ । तर पालिकाले २०७७ असोज देखि २०७७ माघ सम्मको खानेपानी तथा सरसफाई र मर्मत संभार खर्च वापत सुविधा प्रदान गरेको देखिएकाले नियमविपरित प्रदान गरिएको रु.१६०००० सम्बन्धितबाट असूल गर्नुपर्ने

पदाधिकारीको नाम	वडा	रकम
पल्टु लोध	१	२००००
राम नारायण थारु	२	२००००
मोहम्मद रफिक खाँन	३	२००००
धनपाल मल्लाह	४	२००००
रामचन्द्र यादव	५	२००००
राजेन्द्र यादव	६	२००००
राम शंकर यादव	७	२००००
चोक वहादुर थापा	८	२००००
	जम्मा	१६००००

३०			**ठे.नं. MRMUN/Work/12/2075-76** **कामको गुणस्तर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा खरिद सम्झौता कार्यान्वियन पक्षको निरीक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । बहुउद्देश्यीय सभाहल निर्माण कार्यको लागि गाउँपालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु १,१६,८३,१२४।०१(मू.अ.कर र PS समेत) को मिति २०७७।०३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७६।०२।१६ मा सम्झौता भएको छ ।यो सभा हलको निर्माण कार्य सम्पन्न भई अन्तिम विल वापत मिति ०७७।११।०६ मा भुक्तानी भएको छ । नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गरी अन्तिम विल भुक्तानी गर्नुपर्ने र त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम विल भुक्तानी दिएको छ । निर्माण कार्यको PCC र Brick को गुणस्तर परीक्षण गरेको नदेखिएकोले काम गुणस्तरीय भएको सम्वन्धमा आश्वस्त हुन सकिएन । नियममा भएको व्यवस्थाको पालना गरी गुणस्त आश्वस्त पछि मात्र भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३१			**ठे.नं. MRMUN/02/2076-77**	
३१.१	127	२०७७-८-१०	**प्रोभिजनल सम :** प्रोभिजनल सम वापत रकम भुक्तानी गर्दा वी.ओ.क्यु. मा रहेको रकमको सीमा सम्म सक्काल विजकको आधारमा भुक्तानी हुनु पर्दछ । सडक कालोपत्रे र ड्रेन निर्माण कार्यको निर्माण व्यवसायी सफिक निर्माण सेवाको विजक नं. ०६।२०७७।०८।०८ वाट अन्तिम विल बापत रु २१,८९,४६४।०० भुक्तानी भएको छ । प्रोभिजनल समको ल्याव रिपोर्ट वापत रु १७,०००।०० भुक्तानी भएकोमा रु १२,०००।०० को मात्र विल संलग्न रहेकाले रु ५,०००।०० ल्याव टेष्ट गरेको विल पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्दछ रु ...	५,०००
३१.२			**निर्माण कार्यको म्याद :** निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि निर्धारण गर्दा वस्तुगत आधारमा उपयुक्त समय निर्धारण गरिनु पर्दछ । यस पालिकावाट सञ्चालित कतिपय निर्माण कार्यको लागि आर्थिक बर्षको अन्त्यमा खरिद सम्झौता गर्ने र निर्माण सम्पन्न गर्नुपर्ने म्याद २ महिना भन्दा कम राखी सम्झौता गरेको देखियो । योजना सम्पन्न गर्न आवश्यक समयको वस्तुगत आधार वेगर म्याद निर्धारण गरेको देखियो ।संघ र प्रदेशवाट आर्थिक वर्षको अन्तिम चौमासिकमा वजेट आउने र यस बर्ष वजेट विनियोजन भएको र अर्को बर्ष वजेट आउने नआउने सुनिश्चित नभएकोले यही आर्थिक वर्ष भित्रको म्याद कायम गरि सम्झौता गरिएको पालिकाले जानकारी दिएको छ । खरिद कानुन अनुसारको खरिद श्रृखलाको तयारी तथा पालना गरेको पाइएन जसले गर्दा थोरै समय म्याद राखी खरिद सम्झौता गर्ने, अर्को वर्ष वजेट सुनिश्चित नहुदाँ काम अधुरो रहने, पटक पटक गरी शुरु सम्झौताको ३-४ गुणा भन्दा वढी म्याद थप गर्ने	

गर्नाले खरिद व्यवस्थापनमा धेरै समस्याहरु हुने गरेको देखियो । निर्माण कार्यको म्याद निर्धारण गर्दा काम गर्न लाग्ने वस्तुगत आधारमा समय निर्धारण गर्नुपर्ने र खरिद श्रृखलाको प्रभावकारी परिपालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका केही उदाहरणहरु निम्नानुसार रहेको छन् :

ठे.नं.	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति
18/2076-77	७५,६९,५९५	२०७७।०२।२२	२०७७।०३।३०
17/2076-77	९३,५६,०३१	२०७७।०२।२२	२०७७।०३।३०

३२			**ठे.नं. MRMUN/Works/03/2077-78**	
३२.१	2	२०७८-१-१५	**वी.ओ.क्यु. आइटम :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानमा वी.ओ.क्यु. आइटम B.4 Shifting or re-settlements of electric poles (LS) 5 @5000.00 रहेकोमा अन्तिम विलमा 8(no)@5000.00 राखी रु ४०,०००।००(मू.अ. कर वाहेक) भुक्तानी भएको छ । लागत अनुमान LS मा राखिएको आइटम विल तयार गर्दा no मा राखी वी.ओ.क्यु. मा थप ३ वटाको भुक्तानी भएको छ । शुरु सम्झौतामा आइटम LS मा राखि भुक्तानी दिदा No मा उल्लेख गरी परिमाण वढाइ भुक्तानी दिएको नियम सम्मत भएन रु	४०,०००
३२.२			**कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयले कार्य स्वीकार प्रतिवेदन तयारी सँगै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखियो । नियमावलिको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधि समाप्ति भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।	
३३			**ठे.नं. MRMUN/Work/02/2077-78 सडक कालोपत्रे गर्ने कार्य**	
३३.१			**वी.ओ.क्यु. आइटम :** ठे.नं. MRMUN/Work/02/2077-78 : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानमा वी.ओ.क्यु. आइटम 4 Shifting or re-settlements of electric poles (LS) 6 @5000.00 रहेकोमा अन्तिम विलमा 8(no)@5000.00 राखी रु ४०,०००।००(मू.अ. कर वाहेक) भुक्तानी भएको छ । लागत अनुमान LS मा राखिएको आइटम विल तयार गर्दा no मा राखी वी.ओ.क्यु. मा थप 2 वटाको भुक्तानी गरेको नियम सम्मत भएन रु..	४०,०००
३३.२	4	२०७८-२-५	**प्रोभिजनल सम :** वी.ओ.क्यु. मा प्रोभिजनल सम वापत तोकिएको रकमको सीमा सम्म सक्कल कर विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । गुणस्तर परीक्षण वापत प्रोभिजनल सम वाट रु २८,०००।०० भुक्तानी भएकोमा रु १८,०००।०० वरावरको विल भएको र बाँकी १० हजारको ढुवानी वापतको भर्पाई पेश भएको छ । प्रयोगशाल परीक्षणका लागि ल्याव टेष्टको विल राखी भुक्तानी गर्नुपर्नेमा ढुवानी वापतको भर्पाई राखी भुक्तानी दिएको रु १०,०००।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ रु..	१०,०००
३४			**ठे.नं. MRMUN/Work/17/2077-78 Construction & Fitting of Hand Pump for Water Supply**	
३४.१	136	२०७७-१२-२७	**ठे.नं. MRMUN/Work/17/2077-78 Construction & Fitting of Hand Pump for Water Supply :** यस ठेक्कामा ५० वटा चापाकलको लागि सामान खरिद तथा जडान	२,२२५,०००

			निर्माण व्यवसायीवाट गर्ने र बाँकी २५० वटा चापा कलका लागि आवश्यक सामान निर्माण व्यवसायीवाट आपूर्ति गर्ने गरी खरिद सम्झौता भएको छ । निर्माण व्यवसायीवाट आपूर्ति भएको २५० वटा चापाकलका लागि निम्न आइटमहरु आपूर्ति भएकोमा पालिकाले भण्डारमा ल्याई लाभग्राहीलाई वितरण गरेको जानकारी दिएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **चापाकल जडान :** गो.भौ.नं. १३६।०७७।१२।२७ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम विल बापत रु २५,७३,९५३।९१ भुक्तानी भएको छ । निम्नानुसार आइटम D.23 Supply & delivery of 6 kg/cm2 pressure 1.5" dia UPVC pipe as per BOQ all complete 15000RM@Rs 130=19,50,000.00 ; D.24 Supply & delivery of Head (Chapakal) 4 No. Nepal made 250@500= Rs 1,25,000.00 ; D.25 Supply & delivery of 1.5" Dia. GI Pipe B class 250 RM @200= Rs 50,000.00 ; Supply & delivery of UPVC Solvent 100ml bottle 250 nos@400= 100000) आपूर्ति भई वितरण भएकोमा वितरण गरेको सामान जडान भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । उक्त सामानहरु जडान भएको प्रमाण पेश हुनुपर्दछ रु...... पाइपको गुणस्तर परीक्षण गरेको प्रमाण पेश भएको छैन् ।	
३४.२	336	२०७८-३-२७	**प्राविधिक परीक्षण प्रतिवेदन:** यस कार्यको दोश्रो विल बापत रु ११,३४,२७२।८१ भुक्तानी भएको छ । ५० वटा चापाकलको सामान आपूर्ति तथा जडानका लागि विभिन्न सामग्रीहरु भुक्तानी भएको छ । आइटम 63mm UPVC pipe 6 kg/cm2 as per NS &ISO standard all complete 1328.75 Rm@Rs220 का दरले रु २,९२,३२५।०० भुक्तानी भएकोमा जडान भएको वास्तविक अवस्था देखिने प्राविधिक परीक्षण प्रतिवेदन पेश नभएकोले वास्तविक खनिएको पाइपको परिमाण सम्वन्धमा एकिन भएन । पाइपको गुणस्तर परीक्षण गरेको प्रमाण पेश नगरेकोले गुणस्तर आश्वस्त हुन सकिएन ।	
३५			**ठे.नं. MRMUN/Work/08/2077-78**	
३५.१			**स्वीकृत बार्षिक कार्यक्रमभन्दा फरक खर्च :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँ सभावाट पारित बार्षिक वजेट तथा कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । गाउँ सभावाट मायादेवी गाउँपालिकाको बार्षिक गाउँ विकास योजना २०७७।७८ मा वडा नं. ३ पश्चिम टोल वरेवामा आर.सि.सि. ढलान गाउँस्तरिय कार्यक्रम स्वीकृत भई रु २५,००,०००।०० वजेट विनियोजन भएकोमा यस पालिकाले मायादेवी गाउपालिकाको बरेवा पश्चिम टोल गाउ भित्र PCC ढलान गर्ने काम गरेको पाइयो । RCC ढलान गर्ने वार्षिक कार्यक्रम सभावाट स्वीकृत भएकोमा PCC ढलानको कार्य गराएको नियम सम्मत भएन । यस कार्यको सभावाट अनुमोदन समेत गरेको छैन् । स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यक्रमको कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ रु...	२,३६५,५१६
३५.२	15	२०७८-३-२१	**प्रोभिजनल सम :** ठे.नं. MRMUN/Work/08/2077-78 को वी.ओ.क्यु. मा प्रोभिजनल सम वापत तोकिएको रकमको सीमा सम्म सक्कल कर विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । मायादेवी गाउपालिकाको बरेवा पश्चिम टोल गाउ भित्र PCC ढलान गर्ने कामको प्रथम विल बापत यादव निर्माण सेवा लाई रु २३,६५,५१६।२१ भुक्तानी भएको छ । गुणस्तर परीक्षण (PS) वापत विल अनुसार रु ३०००।०० भुक्तानी दिनु पर्नेमा रु ५५००।०० भुक्तानी दिएकोले वढि भुक्तानी भएको रु २,५००।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु....	२,५००
३६			**आय ठेक्का व्यवस्थापन**	
३६.१			**असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार 2 निर्माण व्यवसायिबाट रु.22,92,307/- असुल गर्ने बाँकी रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	२,२९२,३०७

https://nams.oag.gov.np

सि.नं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम (करबाहेक)	दाखिला रकम	बाँकी रकम
१	नन्दन ईन्टरप्राईजेज	7/मायादेवी/राजश्व/077/78	7100000	6100000	1000000
2	न्यू जि.एस.के ट्रेडर्स प्रा.ली.	1५/मायादेवी/राजश्व/077/78	8842407	7550100	1292307
जम्मा			15942407	13650100	2292307

३६.२ **आय ठेक्का विवादः** यस गाउँपालिकाले आ.व. २०७७/७८ को लागि दानव र तिनाउ नदीबाट बालुवा, ग्राभेल उत्खनन् (ठेक्का न.१५/मायादेवी/राजश्व/दानव नदी/पिपरहवा-पथरहिया-मेडरवा घाट) गरी विक्री गर्ने कार्यका लागि मिति २०७७/११/१४ मा दरभाउपत्र आह्वान भए बमोजिम मिति २०७७/१२/०१ तोकिएको समयभित्र दाखिला हुन आएका दरभाउपत्र मध्ये उपयुक्त र बढी कबोल गर्ने जि.एस.के. ट्रेडर्स प्रा.ली. गैडहवा रुपन्देहीको रु.१,२०,५०,१००/- स्वीकृत भएको पाईयो । उपयुक्त ठेक्का अन्तर्गत पर्ने पिपरहवा नाका/घाटलाई सियारी गाउँपालिकाले आफ्नो क्षेत्र मानी ठेक्का स्वीकृत गरेको कारण दुईवटा गाउँपालिका विच विवाद भएको देखिन्छ । सो घाटको बारेमा दुई पालिकाविच विवाद उत्पन्न भएपछि २०७७/१२/२९ मा जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीमा जिल्ला समन्वय समितिका प्रमुख, दुई पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्त वैठक बसी सो घाटको ठेक्का सियारी गाउँपालिकाले गर्ने सहमति भएको देखिन्छ । मायादेवी गाउँपालिकाले गरेको ठेक्काबाट पिपरहवा नाका/घाटको परिणाम घटाई जि.एस.के. ट्रेडर्स प्रा.ली. लाई रु.८८,४२,४०७/- नयाँ ठेक्का रकम (पहिलेको भन्दा ३२,०७,६९३/- घटी) कायम गरेको देखियो । गाउँपालिकाले समयमै प्राकृतिक स्रोत साधनको क्षेत्र, सिमाना र परिमाण पहिचान गरी ठेक्का व्यवस्थापन गरिनु पर्दछ ।

३६.३ **शिर्षक फरक पारी रकम जम्माः** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार प्राप्त हुने राजश्व सम्बन्धित शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ जसअनुसार स्थानीय तह वा मुल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थाले संकलन/दाखिला गर्ने मु.अ.कर राजश्व शिर्षक नं.33317 (बेदर्तावालबाट गर्ने संकलन) बाट आन्तरिक राजश्व कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्दछ । यस स्थानिय तहले निम्नबमोजिमको पार्टीहरुबाट विभिन्न आय ठेक्कामा मुल्य अभिबृद्धि कर बापत प्राप्त गरेको रकम राजश्व शीर्षक नं.33314 मा जम्मा गरेको पाईयो । पालिकाले संकलन गरेको राजश्व सम्बन्धित शीर्षकमा कार्यालयको नामबाट नै दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ८,२९७,८७७

क्र.सं.	पार्टीको नाम	जम्मा हुनुपर्ने शिर्षक	जम्मा भएको शिर्षक	रकम
1	आय ठेक्का नं. ९, बेलाल निर्माण सेवा	33317	11111	650000
2	आय ठेक्का नं. 10, शोभालक्ष्मी कन्स्ट्रक्सन	33317	33417	722228
3	आय ठेक्का नं. 11, अंशुमन निर्माण सेवा	33317	33314	909999
4	आय ठेक्का नं. 12,राजन निर्माण सेवा	33317	33314	1362400
5	आय ठेक्का नं. १४, बागेश्वरी निर्माण सेवा	33317	33314	1153082
6	कालिका रायमाझी जे.भी.	33317	11111	509950
7	आय ठेक्का नं. 16,एम.आर विल्डर्स प्रा.ली.	33317	33314	2990218
	जम्मा			8297877

३६.४			**ठेक्का बदरः** पिपरहवा नाका/घाटको ठेक्का यस मायादेवी गाउँपालिका र सियारी गाउँपालिका बिच भएको सहमति अनुसार सियारी गाउँपालिकाले गर्ने र उक्त ठेक्काबाट प्राप्त राजश्व मध्ये प्रदेश संचित कोषमा पठाउनु पर्ने ४० प्रतिशत रकम घटाई बाँकी रकमलाई १०० प्रतिशत मानी ७० प्रतिशत सियारी गाउँपालिका र ३० प्रतिशत मायादेवी गाउँपालिकाले प्राप्त गर्ने उल्लेख छ । सियारी गाउँपालिकाले सो ठेक्का रु.१३३१५७४३/- मा स्वीकृत गरेकोमा प्रदेशलाई पठाउनु पर्ने रकम घटाउँदा मायादेवी गाउँपालिकाको ३० प्रतिशत रु.२३९६८३३.७४ हुन जान्छ । गाउँपालिकाले हालसम्म रु.२२६०४१६.९६ मात्र प्राप्त गरेकोले घटी रु.१,३६,४१७/- सियारी गाउँपालिकाबाट माग गरी कोष दाखिला गर्नुपर्ने	१३६,४१७
३६.५			**(क)** गाउँपालिकाले यस वर्ष आह्वान गरेको निम्नानुसार दुईवटा आय ठेक्काहरु बदर भएको जनाएको छ । ठेक्का बदर हुनुको कारण सहितको सूचना प्रकाशन पनि गरेको छैन र कार्यालयगत टिप्पणी तथा निर्णय गरी कार्यपालिकाबाट स्वीकृत समेत गरेको पाईएन । उपरोक्त ठेक्काहरुको सूचना प्रकाशन गरी मुल्याङ्कन समेत भईसकेपछि के कति कारणले बदर भएको हो सोको स्पष्ट जानकारी दिने निर्णय ठेक्का सम्बन्धी फाईलमा संलग्न गरेको छैन । राजश्व जस्तो संवेदनशिल विषयमा स्पष्ट संस्थागत निर्णय गरी व्यवस्थापन गर्नु पर्दछ । सो सम्बन्धी थप व्यहोरा निम्नानुसार छन् **ठेक्का नं. १३/मायादेवी/राजश्व/०७७/७८** (तिनाउ नदी/लुक्ठाहवा घाट) गाउँपालिकाले मु.अ.कर र करबाहेक रु.१८८७६७२/- न्युनतम कबोल अंक मुल्याङ्कन गरी मिति २०७७ मंसिर १७ मा बुटवल टुडेमा सूचना प्रकाशन गरेकोमा विभिन्न ८ वटा निर्माण व्यवसायीले (सबैभन्दा बढी अंक कबोल गर्ने बेलाल निर्माण सेवा रु.४५०००००) ठेक्का कबोल गरी दाखिला गरेको पाईयो । उक्त ठेक्काको बोलपत्र मुल्याङ्न मुचुल्का समेत तयार नगरेको र स्थानीय जनताले उक्त खोलाबाट बालुवा झिकेमा गाउँलाई जोखिम हुने भनि ठेक्का बदरको निवेदन पेश गरेको पाईयो । गाउँपालिकाले ठेक्का सम्बन्धी फाईलमा स्थानियहरु दिनेश बरई, सुरेमन कहार, कन्हैया कुर्मी लगायत १०६ जनाको हस्ताक्षर सहितको मुचुल्का निवेदन बाहेक थप कुनै पनि निर्णय राखेको छैन । स्पष्ट कारण र विना आधार आय ठेक्का रद्ध गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । **ठेक्का नं. १७/मायादेवी/राजश्व/०७७/७८** (तिनाउ नदी खजुरिया क-ख घाट) गाउँपालिकाले मु.अ.कर र करबाहेक रु.६३४९४४४/- न्युनतम कबोल अंक मुल्याङ्कन गरी मिति २०७७ फाल्गुन १४ मा बुटवल टुडेमा सूचना प्रकाशन गरेकोमा एकमात्र निर्माण व्यवसायी सौरभ विल्डर्सले रु.६४,२५,५५५/- ठेक्का कबोल गरी सम्झौता समेत गरेको पाईयो । उक्त निर्माण व्यवसायीले ठेक्का तोडेपछि ठेक्का बदर हुनुको कारण सहित कार्यालयगत निर्णय गर्नुपर्नेमा कुनै पनि निर्णय भएको पाईएन । पालिकाले वातावरणीय प्रभाव मुल्याङ्कन र सम्भाव्यता अध्ययन गरी सूचना प्रकाशन भएपश्चात आय ठेक्का रद्ध नहुने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।	
३६.६			**धरौटी जफत गर्नुपर्नेः** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १३ मा टेण्डर दिने वा डाँक दिने वा डाँक बोल्ने व्यक्तिले तोकिए बमोजिमको म्यादभित्र चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको डिपोजिट जफत हुने व्यवस्था छ । कार्यालयले आय ठेक्का नं.१७/मायादेवी/राजश्व/०७७/७८ बढी कबोल गर्ने शौरभ विल्डर्स लाई रु.६४,२५,५५५/- मा स्वीकृत गरेकोमा निज निर्माण व्यवसायीले आय ठेक्का तोडेको पाईयो । सम्झौता अनुसार चलन पुर्जी लिन नआएकोले निजको नाममा धरौटी वापत रहेको रु.३१७४७२/- जफत गरी राजश्व दाखिला गर्नुपर्नेमा गरेको छैन । गाउँपालिकाले ऐनअनुसार धरौटी जफत गरी राजश्व दाखिला गर्नुपर्ने रु.	३१७,४७२
३७			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले विभिन्न मितिमा पटक पटक गरी उक्त प्रक्रिया वेगर रु. १५,००,१८८ ।- का औषधिजन्य सामग्री सोझै खरिद गरेको छ ।	
३८			**पोशाक खर्च** पालिकाले कुनै पनि कार्यक्रम संचालनको गर्दा कार्यक्रमका लागि हुने खर्च वितरणलाई बैंक मार्फत भुक्तानी गर्नुपर्नेमा पालिकाले ८३ जना महिला स्वंम सेविकालाई पोसाक वापतको १०००० का दरले रु ८३०००० ।- नगद वितरण गरेको छ । पालिकाले यसतो कार्यमा नियन्त्रण गरी यसता कार्यलाई बैंक मार्फत गर्नमा जोड दिनु पर्दछ ।	

३९			**तलबि प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य र आयुर्वेद तर्फका कर्मचारीहरुको यस बर्ष रु. १९,७६,८६९।- तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
४०			**स्वास्थ्यतर्फका कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमहरु असार महिनामा संचालन गरेको र प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
४१	३३३	२०७८-३-२४	**नर्म्स वेगरको कार्यक्रम खर्च** संघीय सरकार वा प्रदेश सरकारबाट हस्तान्तरण भएको कुनै पनि कार्यक्रम संचालन गर्दा कार्यक्रमको कार्यविधिले दिएको विधि प्रकृया र नर्म्स अपनाई खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले २.७.१५.१२८ बाट प्राङ्गरिक खेति प्रबर्धन कार्यक्रम (सन्चालन तथा प्रकाशन) अन्तर्गतको कार्यक्रम संचालन गर्दा नर्म्स बेगर विभिन्न शिर्षकमा गरी रु ११,२३,५४० खर्च लेखेको छ । यसरी कार्यक्रम संचालन गर्दा नर्म्स बेगर खर्च गरेको अनियमित देखिएको रु	१,१२३,५४०
४२			**सामाजिक सुरक्षा वितरण** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा 23 (5) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
४३			**लागत अनुमान** **लागत अनुमान :** ठे.नं. MRMUN/Works/03/2077-78 : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नम्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानमा वी.ओ.क्यु. आइटम B.8 मा PCC for reinforcement cement concrete (1:2:4) RCC works M15 grade with Ready Mixed Concrete with approved material को २७५.२५ घ.मी. रु १३,६२९।०० प्रति घ.मी. का दरले ल.ई. तयार गरेकोमा जिल्ला दर रेटमा १२,३९०।०० रहेको छ । जिल्ला दररेट भन्दा वढी दर राखि लागत अनुमान तयार गरेको नियम सम्मत भएन । जिल्ला दर रेटलाइ आधार लिई लागत अनुमान तयार गरिनु पर्दछ ।	
४४			**सोझौ खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ ।तर पालिकाले निम्न सामग्रीहरु टुक्रापारी खरिद गरेको अनियमित देखिएको रु	२,२६८,०३२

भौ.न.\मिति	कार्यक्रम	भुक्तानी	रकम
८९-२०७७।१०।२५	ट्याब्लेट खरिद	सेन्टर कम्प्यूटर सर्भिस	३४६५००
२३२-०७८।३।१६	ट्याब्लेट खरिद	श्री भैरव ट्रेडिङ्ग	१०५०००
१०१-०७७।११।४	ल्याप्टप खरिद	लोयल कम्प्यूटर सर्भिस	४१२२००
१०२-०७७।११।०५	ल्यापटप र प्रिन्टर खरिद	नेटअन आइटि सोलुसन	२१६३६०
२५०-०७८।३।१९	प्रिन्टर र प्रोजेक्टर खरिद	साझा ट्रेडिङ्ग हाउस	१८५०००
२९९-०७८।३।२३	कर्टेज खरिद	साझा ट्रेडिङ्ग हाउस	९३७७५
२६२-०७८।३।२१	सिकाई साम्रगी छपाई	फास्टप्रिन्टर्स एवं डिजाइनिङ्ग प्वाइन्ट	२०९३३२
२७७-०७८।३।२२	कक्षा ८ को अध्ययन साम्रगी छपाई	स्वस्तिक अफसेट	२०००००
५२-०७८।३।२१	अध्ययन साम्रगी छपाई	शिरिष डिजाइनर्स	४९९८६५
जम्मा			२२६८०३२

४५

खानेपानि तथा सिंचाइको पाइप बितरण

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ उपनियम १० बमोजिम सरकारी बजेट खर्च लेखांकन गर्दा खर्चका बिल भरपाई सहित खर्च लेखांकन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका सप्लायर्सहरुबाट खानेपानि तथा सिंचाईका पाइपहरु खरिद गरी भुक्तानि दिएकोमा ति पाइपहरु बितरणको भरपाईहरु नियममा भएको व्यवस्था बमोजिम भएको पाइएन ।

(१) वडा नं ३ को वडास्तरीय योजना अन्तर्गत खानेपानिको लागि हैण्ड पाइप खरिदको लागि रु ५ लाख बजेट बिनियोजन भई गणेश ट्रेडिङ्ग रामग्राम नवलपरासीबाट मिति २०७८।३।१३ मा ४६ थान र सो लागि आवाश्यक पाइपहरु खरिद गरी गो भौ नं ५३३।२०७८।३।१७ बाट रु ४८१९८७।०० भुक्तानी दिएकोमा देहाय अनुसार पाईयो ।

- हैण्ड पाइप सप्लायर्सबाट मिति २०७८।३।१३ मा खरिद गरेको अवस्थामा ४६ जनालाई बितरण गरेको भरपाईमा मिति उल्लेख नभएको तथा मिति २०७७।११।२० मा वडास्तरीय अनुगमन प्रतिबेदन पेश भएकोले खानेपानीको लागि हैण्ड पाइप खरिद नहुदैं बितरण भएको अनुगमन प्रतिबेदन पेश भएकोले हैण्ड पाइप बितरणका सम्बन्धमा यकिन हुन सकेन ।
- बिभिन्न ४६ जना नागरिकहरुलाई हैण्ड पाइप बितरण गरेको भरपाइको प्रत्येक पानामा दस्तखत र छाप नलगाएको एवम वडा अध्यक्षले प्रमाणित गरेकोमा वडाको छाप नलगाएको बितरण भरपाइमा हैण्ड पाइप प्राप्त गर्ने कृषकको सम्पर्क नम्बर उल्लेख नभएको हैण्ड बितरण साक्षिको रोहबर बिना बितरण भएको देखिएकोले हैण्ड पाइप बितरण र सो को प्रभावकारीताका सम्बन्धमा केहि भन्न सक्ने अवस्था रहेन ।
- बिभिन्न ४६ जना नागरिकहरुलाई हैण्ड पाइप बितरण गरेको जनाइ मिति २०७८।२।२५ मा प्राबिधिक मूल्यांकन तथा नापि तयार गरि पेश भएको भएतापनि ति हैण्ड पाइप जडान भएको मूल्यांकन तथा नापि नभएको कारण बितरण भएका हैण्ड पाइपहरु कृषकहरुले जडान गरि प्रयोग गरेका छन भन्न सकिएन साथै हैण्ड पाइप खरिद मिति भन्दा प्राबिधिक मूल्यांकन पहिल्यै तयार गरेको कारण स्पष्ट भएन ।
- हैण्ड पाइप खरिद गर्दा ३ वटा कोटेशन माग गरेकोमध्धे अंशुमान निर्माण सेवाको कर चुक्ता प्रमाण र कारोबार दर्ता प्रमाणपत्र पेश भएको पाइएन ।

(२) वडा नं ३ को वडास्तरीय योजना अन्तर्गत कृषि कार्यको लागि डेलिभरी पाइप बितरणको लागि रु ५ लाख बजेट बिनियोजन भई एस के ईन्टरनेशनल ट्रेड प्रा लि भैरहवाबाट मिति २०७८।३।१८ मा १६८० के जि पाइपहरु खरिद गरी गो भौ नं ६३८।२०७८।३।२४ बाट रु ४७८७९५।०० भुक्तानी दिएकोमा देहाय अनुसार पाईयो ।

- कृषि कार्यको लागि डेलिभरि पाइप बितरण गरेकोमा वडा तथा गाउँपालिकास्तरिय कुनै पनि अनुगमन नभएको कारण बितरण भएको पाइप उद्धेश्य अनुरुप प्रयोग भए नभएको यकिन भएन । •

- बिभिन्न ६५ जना नागरिकहरुलाई पाइप बितरण गरेको भरपाइमा बितरण मिति र भरपाइको प्रत्येक पानामा दस्तखत र छाप नलगाएको एवम वडा अध्यक्षले प्रमाणित गरेकोमा वडाको छाप नलगाएको बितरण भरपाइमा पाइप प्राप्त गर्ने कृषकको नागरिकता नं उल्लेख तथा सम्पर्क नम्बर उल्लेख नभएको हैण्ड बितरण साक्षिको रोहबर बिना बितरण भएको देखिएकोले हैण्ड पाइप बितरण र सो को प्रभावकारीताका सम्बन्धमा केहि भन्न सक्ने अवस्था रहेन ।

४६

ओमशान्ति उपभोक्ता समितिको बढी मूल्यांकन

५९,९८८

गाउँपालिकाको वडा नं ६ मा ओमशान्ति भवन निर्माण गर्न गाउँपालिकास्तरीय बजेटबाट उपभोक्ता समिति मार्फत निर्माण गरी रु १०६७४७०।०० भुक्तानि दिएकोमा देहाय अनुसार देखिएको छ ।

(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिबाट भएको निर्माण कामको हरेक किस्ताको भुक्तानिको लागि प्राबिधिक मूल्यांन सहित बिल भरपाइ सो समितिको बैठकबाट अनुमोदन गरी पेश गर्नेपर्ने उल्लेख छ । ओमशान्ति भवन निर्माण गर्न मिति २०७७।१२।१२ मा सम्पन्न गर्ने गरी गत आ ब २०७६।७७ को मिति २०७७।१।१० गते उपभोक्ता समितिसँग सम्झौता गरी काम गराएकोमा गत आ ब मा सम्झौता भएकोले गत वर्ष सो अधुरो भवनमा कति खर्च भएको थियो र के कति कारणले सो भवन अधुरो रहन गएको सो को प्रमाण पेश भएन । साथै चालु बर्षको बिनियोजित बजेटबाट काम गराउन गत आ ब मा सम्झौता भएको उपभोक्ता समितिबाट पुन काम गराई रु ११९३४६२।०० को प्राबिधिक मूल्यांकन गरी गो भौ नं ४०६।२०७८।१।२ बाट रु १०६७४७०।०० भुक्तानि दिएको पाइयो । यसरी उपभोक्ताबाट पेश भएको बिल भरपाइ परीक्षण गर्दा देहाय अनुसार उपभोक्ताले खरिद गरेको भन्दा बढी परीमाणको प्राबिधिक मूल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानि दिएकोमा बिल भरपाइ बिना भुक्तानि दिएको रकम उपभोक्ताको योगदान कट्टा गरी रु ५९९८८।०० असुल हुनु पर्ने रु...............

बिबरण	मूल्यांकन अनुसार परिमाण	मूल्यांकन अनुसार रकम	पेश भएको बिल परिमाण	पेश भएको बिल रकम	नपुग बिल वा बढी भुक्तानि रकम
डण्डी	४७८६.७३ के जि	४९४६१२	४२९९ के जि	४४४२१६	५०३९६
सटरिङ्ग	२१४.३२ स्क्यार फुट	१२६०८०	१९४ स्क्यार फुट	११४१२६	११९५४
ईलेक्ट्रिफिकेशन काम र सामान सप्लाईको बिल भरपाइ पेश नभएको					५०००
जम्मा					६७३५०

(२) ओमशान्ति भवन निर्माण गर्न गाउँपालिकास्तरीय बजेट शुरु बिनियोजन रु १० लाख रहेकोले उपभोक्ताको योगदान समेत रु १०८८९८३।०० लागत अनुमान तयार गरि निर्माण काम गराएकोमा पुन रु १ लाख थप गरि कुल रु ११ लाखको बजेटको आधारमा लागत अनुमान पुन तयार गरी उपभोक्ताको योगदान समेत कुल लागत रु ११९६२३९।०० तयार गरी उपभोक्ता समिति मार्फत काम गराएकोमा गाउँसभाबाट निर्णय गराउने गरि बजेट थप गराइ काम गराएकोमा सभाबाट निर्णय गराएको तथा गाउँपालिका बोर्डबाट समेत बजेट थप गर्ने निर्णय पेश भएन ।

(३) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक कामको प्राबिधिक मूल्यांकन बिल भर्पाइ र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिबाट निर्माण कामको लागि पेश भएका बिल भरपाई परीक्षण गर्दा १४ जना कामदारले २०० दिनको रु १२२३००।०० डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्यहोरा उल्लेख गरी सो हाजिर प्रमाणित भएको एवम कामदारहरुले रकम बुझिलिएको दस्तखत तथा रकम बुझाउनेको दस्तखत गरेको नहुदाँ निर्माण काममा वास्तबिक रुपमा ति कामदारहरुले काम गरी रकम भुक्तानी भएको हो भन्न सकिने अवस्था रहेन सो रकमका सम्बन्धमा पालिकाले यकिन गरी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल उपर गर्नुपर्दछ । तसर्थ पालिकाले यस प्रकारका निर्माण काममा पेश हुने बिल भरपाइका सम्बन्धमा जाँचबुझ गरी बास्तबिकता यकिन गरेर मात्र भुक्तानि दिनु पर्ने देखिन्छ ।

४७ ६१८ २०७८-३-२३

सुक्रौलीचोकमा धर्मशाला निर्माण

२,४२४,५००

मायादेबी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०७ को उपनियम १ मा रु २५ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण काम प्रतिस्पर्धाको माध्यमबाट गराउनुपर्ने व्यवस्था रहेको छ । वडा नं ३ सुक्रौलि चोकमा धर्मशाला निर्माण गर्न रु २७७०२९४।०० को लागत अनुमान तयार गरी उपभोक्ताबाट मिति २०७८।३।२२ मा कार्यसम्पन्न गरी कार्यसम्पन्न प्रतिबेदन तयार गरेको र सो कामको मूल्यांकन रु २७६९८१४।०० भइ उपभोक्ताको जनश्रमदान कट्टा गरी गो भौ नं ६१८।२०७८।३।२३ बाट रु २४२४५००।०० भुक्तानी दिएको नियमसम्मत नभएको रु.......

४८

बिद्यालयको ट्रस निर्माण

स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम अन्तर्गतको कार्यक्रम विद्यालयको ट्रस निर्माण गर्न उपभोक्ता समितिबाट गराउनको लागि उपभोक्ता समितिको योगदान समेत रु १०८७२३१।०० लागत अनुमान तयार गरी कार्य गराइ रु १०८०९५५।०० को प्राबिधिक मूल्यांकन भइ गो भौ नं ३।२०७८।३।२४ बाट रु ३१८९३७।०० भुक्तानि भएकोमा देहाय अनुसार देखियो ।

(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको प्राबिधिक मूल्यांकन सहित बिल भरपाइ सो समितिको बैठकबाट खर्च अनुमोदन गरी पेश भएपछि मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणमा उपभोक्ता समिति गठन भएको माइन्यूट पेश नभएको भएतापनि मिति २०७८।३।२३ गते उपभोक्ता समितिको अध्यक्ष श्री देवि प्रसाद चौधरीको अध्यक्षतामा ५ सदस्सियको बैठक बसी निर्माण काम सम्पन्न भएको निर्णय गरेकोमा सो निर्णयमा खर्च बिबरण उल्लेख गरी खर्च अनुमोदन गरेको पाइएन । यसरी उपभोक्ता समिति गठन नगरेको तथा उपभोक्ता समितिको बैठकबाट निर्माण कार्यमा खर्च अनुमोदन गरेको नपाइएकोले सो को पुष्ट्याई सहित प्रमाण पेश हुनुपर्दछ ।

(२) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम अन्तर्गतको कार्यक्रम विद्यालयको ट्रस निर्माण गर्न उपभोक्ता समितिबाट गराउनको लागि उपभोक्ता समितिको योगदान समेत रु १०८७२३१।०० लागत अनुमान तयार गरी कार्य गराइ रु १०८०९५५।०० को प्राबिधिक मूल्यांकन भइ गो भौ नं ३।२०७८।३।२४ बाट रु ३१८९३७।०० भुक्तानि भएकोमा पालिकाको कति नं वडाको कुन विद्यालयको ट्रस निर्माण गरेको नखुल्ने तथा जिल्ला समन्वय समितिबाट कार्यक्रम स्विकृत भएको प्रमाण पेश नभएको हुनाले सञ्चालित योजनाको सम्बन्धमा यकिन हुन सकिएन ।

४९ — १४२,३१८

खानेपानिको लागि हैण्ड पाइप जडान

सार्वजिन खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिको भुक्तानिमा लागत अनुमानमा समाबेश भएको जनश्रमदानको अंश कट्टि गरेर मात्र भुक्तानि दिनु पर्ने उल्लेख छ । गाउँपालिकाको वडा नं १ मा खानेपानीको लागि हैण्ड पाइप जडान कार्यको लागि प्रदेश सरकारबाट रु १० लाख बजेट व्यवस्था भए अनुसार पालिकाले उक्त काम उपभोक्ता समितिबाट गराउने गरि उपभोक्ताले ११ प्रतिशतले हुने रु ११३८५४।०० व्यहोर्ने गरी कुल रु १०८३८५४।०० को लागत अनुमान तयार गरी मिति २०७७।१२।१६ मा सम्पन्न गर्ने गरि मिति २०७७।७।१४ मा सम्झौता भएकोमा देहाय अनुसार देखियो ।

(१) खानेपानीको लागि १९ वटा हैण्ड पाइप ५१ मिटर गहिराइसम्म गाड्ने लक्षयका साथ रु १०८३८५४।०० को लागत अनुमान तयार गरी उपभोक्ताबाट काम गराएकोमा कम गहिराइमा पानीको श्रोत भेटिएकोले रकम बचत भएको कारण २२ वटा जडान भएको वडाको च नं ५४९।२०७७।१०।८ को सिफारिस गरेको एवम मिति २०७७।९।३० कामको मूल्यांकन तथा नापि अनुसार बिभिन्न गहिराइमा २२ वटा हैण्ड पाइप जडान भइ रु १०७१६२७।०० मूल्यांकन भए अनुसार उपभोक्ताको जनश्रमदान कट्टा गरी गो भौ नं ४।२०७७।१०।२० बाट रु ९५८७००।०० भुक्तानि भएको पाइयो । पालिकाबाट १.५ इन्चको हैण्ड पाइप जडानको लागि बिभिन्न गहिराइको जडान खर्चको दर बिश्लेषण स्विकृत गरी लागु गरेको र हैण्ड पाइप जडान बिभिन्न ० देखि ६० मिटर गहिराइमा भएकोमा सोही अनुसार नापि तथा मूल्यांकन गरी भुक्तानि दिनुपर्नेमा ५० देखि ६० मिटर गहिराइको दररेट अनुसार मूल्यांकन गरी देहाय अनुसार बढि मूल्यांकन भएकोमध्ये उपभोक्ताको श्रमदान रु १७५९०।०० कट्टा गरी रु १४२३१८।०० बढी भुक्तानि भएको असुल हुनुपर्ने रु......

गहिराई मिटर	मूल्यांकन भएको रकम	जडान भएको हैण्ड पाइप	मिस्त्री र साधारण ज्यामिको दर औसतमा	जडान गहिराइ मिटर औसतमा	मूल्यांकन हुनुपर्ने रकम
५० देखि ६०	८५०९६९	८	८९६.७०	५५	३९४५४८
४० देखि ५०		३	७३५.८४	४५	९९३३८
३० देखि ४०		९	५९८.३०	३५	१८८४६४
० देखि २०		२	४३५.५०	१०	८७१०
जम्मा	८५०९६९	२२			६९१०६०
बढी मूल्यांकन	१५९९०८				

(२) पालिकाबाट १.५ इन्चको हैण्ड पाइप जडानको लागि बिभिन्न ० देखि ७० सम्मको ६ वटा गहिराइको जडान खर्चको ज्यालाको प्रति र.मि.दर मिस्त्री हेल्पर तथा साधारण ज्यामिको दर बिश्लेषण स्विकृत गरेको र स्विकृत दर बिश्लेषणमा साधारण ज्यामीको खर्च श्रमदानबाट गराउनु पर्ने रहेकोमा पालिकाबाट ११ प्रतिशत रु ११३८५४।०० उपभोक्ताले व्यहोर्ने गरी कुल रु १०८३८५४।०० को लागत अनुमान तयार गरेको देखिन्छ । कुल लागत अनुमान

https://nams.oag.gov.np

			अनुसार मिस्त्री ज्याला रु ४१२०५६।०० र साधारण ज्याला रु ४३८९१३।०० रहे अनुसार स्विकृत दर बिश्लेषणमा साधारण ज्यामीको खर्च जनश्रमदानबाट गराउने गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो भन्दा निकै कम उपभोक्ताले व्यहोर्नेगरी तयार गरेको कारण स्पष्ट भएन । (३) हैण्ड पाइप जडान भएको प्राबिधिक मूल्यांकन तथा नापी मिति २०७७।९।२३ मा पेश भए अनुसार पाइप जडान भएको व्यक्तिहरु नाम र ठेगाना उल्लेख नगरी अहिरौली गाउँमा १० जना,पूर्व अहिरौली गाउँमा २ जना,महादेइया र सुरवल गाउँमा ४ जना,सानो दुबिहवामा ४ जना र ठूलो दुबिहवामा २ जना गरी २२ जनाको घरमा जडान गरेको उल्लेख गरेको कारण जडान भएको नाम नखुलेको तथा अनुगमन प्रतिबेदनमा समेत खुलाएको नपाइएकोले योजना सञ्चालनका सम्बन्धमा बिश्वस्त हुने आधार पेश भएन । (४) हैण्ड पाइप एस एस ट्रेडर्स मायादेबि रुपन्देहीबाट मिति २०७७।९।२८ र २०७७।१०।८ मा खरिद गरेको अवस्थामा ति पाइपहरु जडान भएको प्राबिधिक मूल्यांकन तथा नापी मिति २०७७।९।२३ र मिति २०७७।१०।४ मा वडास्तरीय अनुगमन प्रतिबेदन पेश भएकोले खानेपानीको लागि हैण्ड पाइप खरिद नहुदैं जडान भएको नापी तथा अनुगमन प्रतिबेदन पेश भएको एवम सो प्रतिबेदनमा उपभोक्ताबाट भएको काम प्रमुख समस्याहरु र अनुगमन अधिकारीहरुबाट सुझाबहरु दिएको नपाइएको हुनाले अनुगमन कार्य हैण्ड पाइप जडान भएको स्थानमा स्थलगत रुपमा भए नभएको यकिन गर्न सकिएन जसको कारण योजना सञ्चालन प्रभावकारी रुपमा गुणस्तर तोकिएको मापदण्ड अनुसार भएको भन्न सकिने आधार भएन ।	
५०	0	२०७८-३-२४	**अग्रिम आयकर कट्टा नभएको** आयकर ऐन,२०५८ को दफा ८८ र ८९ अनुसार मूल्य अभिबृद्धि करमा दर्ता नभएको सप्लायर्ससँग कारोबार गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा नवजागृति आ बि भवन निर्माण उपभोक्ता समितिबाट गराई गो भौ नं ६ मिति २०७८।३।२४ बाट रु १२०५६९६।०० भुक्तानि दिएकोमा मू अ कर दर्ता नभएका महफुल वेल्डिङ्ग उद्योग धमौली रुपन्देही समेत ३ वटा सप्लायर्सबाट रु १०२७६०।०० को खरिद गरेकोमा १५ प्रतिशतले हुने रु १५४१४।०० कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत रु १५४१।०० कट्टा गरेकोले नपुग कर रु १३८७३।०० असुल हुनुपर्ने रु...	१३,८७३
५१			**मू अ कर कट्टा नभएको** मूल्य अभिबृद्धि कर नियमावली २०५३ (२०७८ जेठ १५ को बजेट भाषण अनुसारको संशोधन) को नियम ६ (ग) मा ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत (२०७८ जेठ १५ अघि) तथा ३० (२०७८ जेठ १५ पछि) सम्बन्धित राजश्व शिर्षकमा र वाँकि रकम सम्बन्धित फर्म लाई भुक्तानि दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको उपभोक्ता समितिहरु लाई निर्माण कार्य गराएको ति उपभोक्ता समितिले आपूर्तिकर्ताहरुबाट सामान खरिद तथा सेवा आपुर्ति गर्दा नियमावलीमा व्यवस्था भए अनुसार मू अ कर कट्टा गरि राजश्व दाखिला नगरेकोले पालिकाले नियममा व्यवस्था भए बमोजिम मूल्य अभिबृद्धि कर कट्टा गरी राजश्व दाखिला गर्नु गराउनु पर्दछ ।	

उपभोक्ताको नाम	बिबरण	रकम	मू अ कर रकम	कट्टा हुनुपर्ने मू अ कर रकम
अधुरो ओमशान्ति भवन निर्माण उ स	८ सप्लायर्सको ११ बिजक	११३३८०१	१३०४३७	६५२१८
बिद्यालयको ट्रस निर्माण	४ सप्लायर्सको ८ बिजक	१०१९७७४	११७३१९	५८६५९
दुर्गौलियामा सडक निर्माण	३ सप्लायर्सको ६ बिजक	९६१६५३	११०६३२	५५३१६
राजमंगलको घरदेखि मात्रिकाको घरको सडक पि सि सि	३ सप्लायर्सको ६ बिजक	१५०१५४०	१७२७४३	८६३७१
समयमाई मन्दिर धर्मशाला निर्माण	२ सप्लायर्सको ६ बिजक	६२८५४३	७२३१०	३६१५५
सुक्रौली चोकमा धर्मशाला निर्माण	८ सप्लायर्सको २० बिजक	२३४७१०५	२७००२०	१३५०१०
नवजागृति आ बि भवन निर्माण नयाँ भवन	५ सप्लायर्सको ११ बिजक	९०५८१५	१०४२०८	५२१०४
नवजागृति आ बि भवन निर्माण तला थप	२ सप्लायर्सको २ बिजक	४५१२६५	५१९१५	२५९५७
बसन्तपुरचोकदेखि दुरउ सडक पि सि सि	३ सप्लायर्सको ३ बिजक	१५५६३०३	१७९०४३	८९५२१

५२			**खोचहरवा गाउँमा पि सि सि**	
५२.१			यस गाउँपालिकाको वडा नं ३ को खोचहरवा गाउँभित्र आर सि सि ढलान कार्य गर्नको लागि रु ४०००००।०० बजेट व्यवस्था भए अनुसार ९० मिटर पि सि सि ढलान गर्ने गरी उपभोक्ताको जनश्रमदान समेत रु ४४३८०१।०० को लागत अनुमान तयार गरी कार्य गराए अनुसार रु ४३९८७०।०० को प्राबिधिक मूल्यांकन भइ गो भौ नं ५९२।२०७८।३।२२ बाट रु ३८४४४०।०० उपभोक्तालाई भुक्तानी भएकोमा देहाय अनुसार देखियो । (१) खोचहरवा गाउँभित्र आर सि सि ढलान कार्य गर्नको लागि बजेट बिनियोजन तथा मिति २०७७।८।४ को उपभोक्ता भेलामा समेत आर सि सि ढलान गर्ने उल्लेख भएकोमा पालिकाले पि सि सि ढलान गर्ने कार्यको लागत अनुमान तयार गरि कार्य गर्नुको कारण स्पष्ट भएन । तसर्थ पालिका तथा उपभोक्ता समितिहरुले स्विकृत कार्यक्रम अनुसार निर्माण काम गर्नु गराउनु पर्दछ । (२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य गराउदाँ सोहि स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति गठन गरि सोही लाभग्राही समितिबाट निर्माण कार्य गराउनुपर्ने व्यवस्था रहेको छ । मिति २०७७।८।४ मा वडाध्यक्षको उपस्थितिमा उपभोक्ता भेला गराई उपभोक्ता गठन गरेकोमा भेलामा सहभागि लाभग्राहीहरुको ठेगाना नखुलाइएको निजहरुको सम्पर्क नं उल्लेख नगरिएको उपभोक्ता भेलामा सहभागि नभएको अस्लम माहम्मद मियालाई उपभोक्ता समितिको कोषाध्यक्ष पदमा समाबेश गरिएकोमा मिति २०७८।१।५ गते उपभोक्ता समितिको बैठकबाट कोषाध्यक्ष श्री अस्लम मोहम्मद मिया कामको सिलसिलामा बिदेश गएको हुदाँ निजको सट्टामा सराजुद्धिन सावतलाई कोषाध्यक्षमा राख्ने निर्यण गरेको पाइयो । यसर मिति २०७७।८।४ को उपभोक्ता भेलामा सहभागि नभएको व्यक्तिलाई कोषाध्यक्षमा समाबेश गरेको तथा पुन उपभोक्ता समितिको बैठक बसि कोषाध्यक्षमा निजलाई हटाई सराजुद्धिन सावतलाई राखेको पाइयो । यसरी उपभोक्ता भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ता समितिले कोषाध्यक्षमा व्यक्ति परिवर्तन गरेको नियमसम्त देखिएन ।	
५२.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नवजागृति आ बि निर्माण उपभोक्ता समितिबाट निर्माण काम गराई गो भौ नं ६।२०७८।३।२४ बाट रु१२२०६९६।०० भुक्तानि दीएकोमा पि एसमा समाबेश भएको ईलेक्ट्रिफिकेशनको रु ६९६०।०० को बिजक पेश भएकोमा बिजक भन्दा बढी रु ५०४०।०० बढी हुने गरी रु १२०००।०० भुक्तानि भएकोले बढी भुक्तानि असुल हुनुपर्ने रु...	५,०४०
५३			**नवजागृति आ बि भवन निर्माण** पालिकाको वडा नं १ मा रहेको नवजागृती आधारभूत बिद्यालयको स्थानिय पूर्वाधार बिकास कार्यक्रमबाट २ तले नयाँ भवनको लागि रु २० लाख र गाउँपालिकाको कार्यक्रमबाट पूरानो भवनमा तला थपको लागि रु ५ लाख बजेट रहेकोमा ति दुवै बजेटबाट बिद्यालय भवन प्रतिस्पर्धाको माध्यमबाट निर्माण गराउनुपर्नेमा २ वटा छुट्टाछुट्टै उपभोक्ता समिति गठन गरी निर्माण गरेको देखिएकोमा देहाय अनुसार रहेको पाइयो । (१) मायादेबी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १०७ को उपनियम १ मा रु २५ लाख भन्दा बढी लागत अनुमान भएको निर्माण काम प्रतिस्पर्धाको माध्यमबाट गराउनुपर्ने व्यवस्था रहेको छ । नवजागृति आधारभूत बिद्यालय नया भवन निर्माण गर्न रु १९६०९१८।०० र पूरानो भवनमा तला थपको गर्न रु ७५९७७५।०० गरी जम्मा रु २७२०६९३।०० उपभोक्ताको योगदान समेतको लागत अनुमान तयार गरी २ वटा छुट्टाछुट्टै उपभोक्ता समिति मार्फत निर्माण गरेको पाइएकोले ति निर्माण कार्य सार्वजनिक खरिद नियमावलीको प्राबधान बमोजिम प्रतिस्पर्धाको माध्यमबाट नगराएकोले नियमसम्मत नभएको रु.... (२) यस भवन निर्माण गर्न पेश भएका कागजातहरु परीक्षण गर्दा उपभोक्ता समिति गठन भएको माइन्यूट पेश भएन । साथै निर्माणको लागि स्थानिय पूर्वाधार विकास साझेदारी बजेट बिनियोजन भएकोमा जिल्ला समन्वय समिति रुपन्देहीबाट बजेट बाँडफाड गरेको निर्णय र पत्र पेश भएन । (३) पूर्वाधार विकास साझेदारी बजेटबाट दुई तले नयाँ भवन बनाउनको लागि रु १९६०९१८।०० को लागत अनुमान तयार गरेकोमा प्लाष्टर माथिल्लो वाल रंगरोगनको कार्य लगायतका काम नगरी काम अधुरो राखी रु १३७८९७६।०० को प्राबिधिक मूल्यांकन गरी उपभोक्ताको योगदान कट्टा गरी गो भौ नं ६।२०७८।३।२४ बाट रु १२०५६९६।०० भुक्तानि दिएको पाइयो । यसरी उपभोक्ता समितिबाट निर्माण काम गराउदा अधुरो राखेको देखियो । (४) गाउँपालिकाबाट बिनियोजन भएको रु ५ लाख बजेटबाट गत बिगत वर्षहरुमा निर्माण भइ अधुरो भवनको माथि तला थपको लागि पालिकाबाट बिम र कोलम निर्माण गर्न उपभोक्ताको योगदान समेत रु ७५९७७५।०० को लागत अनुमान तयार गरि मिति २०७८।२।३० सम्म सम्पन्न गर्ने गरी मिति २०७७।१२।२ मा उपभोक्ता समितिसँग सम्झौता भइ निर्माण काम गरेकोमा गुणस्तर परीक्षण गरेको प्रतिबेदन संलग्न रहेकोमा सो वापत रकम बुझाएको बिजक पेश	२,७२०,६९३

भएको छैन । भवन निर्माण काम गत बिगत वर्षहरुमा के कति रकम बिनियोजन भइ कति खर्च भएको थियो सो सम्बन्धि प्रमाण पेश नभएको एवम निर्माण काम अधुरो रुपमा गर्नु गराउनाले निर्माण कामको गुणस्तर कायम नहुने हुदाँ पालिकाले आवाश्यक पर्ने बजेट बिनियोजन गरी समयमै निर्माण काम गराइ गुणस्तरीय काम गराउने तर्फ उचित ध्यान दिनुपर्दछ ।

५४

उपभोक्ता समितिको दर्ता

१२,०००

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन ।

सि नं	उपभोक्ताको नाम	मूल्यांकन रकम	पालिकाले व्यहोरेको रकम	उपभोक्ताले व्यहोरेको रकम
१	बसन्तपुरचोकदेखि दुरउ जाने सडक पि सि सि ढलान	२४७९०१७	२२९१७२०	१८७२९७
२	खोचहरवा गाउँभित्र आर सि सि ढलान	४३९८७०	३८४४४०	५५४३०
३	नव जागृत्ती आ बि भवन निर्माण	७५३८०४	६७३४७०	८०३३४
४	सुक्रौलि चोकमा धर्मशाला निर्माण	२७६९८१४	२४२४५००	३४५३१४
५	खानेपानीको लागि हैण्ड पाइप जडान वडा नं-१	१०७१६२६	९५८७००	११२९२६
६	दुर्गौलियामा सडक निर्माण वडा नं ६	११२९२१२	९६७८००	१६१४१२
७	अधुरो ओमशान्ति भवन निर्माण वडा नं ६	११९३४६२	१०६७४७०	१२५९९२
८	राजमंगलको घरदेखि मात्रिकाको घरको सडक पि सि सि	२१३२२३३	१८५७६००	२७४६३३
९	बिद्यालयको ट्रस निर्माण	१०८०९५५	९१८९३७	१६२०१८
१०	नवजागृत्ति आ बि भवन निर्माण वडा नं १	१३७८९७६	१२२०६९६	१५८२८०
११	समयमाई मन्दिर धर्मशाला निर्माण वडा नं ५	१०९९५३४	९२१५८०	१७७९५४

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको वडा नं १ को सुक्रौली चोकमा धर्मशाला निर्माण गर्न उपभोक्ता समितिले धर्मशाला निर्माण गरी रु २७६९८१४।०० को प्राबिधिक मूल्यांकन सहित बिल भरपाइ पेश भएकोमा उपभोक्ता समितलाई ढुवानि खर्च रु १००००।०० र ल्याबटेष्ट वापत रु २०००।०० गरी रु १२०००।०० भुक्तानि दिएकोमा ढुवानि वापतको रकम के सामाग्रि ढुवानिको लागि दिएको हो नखुल्नुको साथै बिल भरपाइ पेश नभएको तथा ल्याबटेष्टको प्रतिबेदन र उपभोक्ताले रकम बुझाएको बिजक पेश नभएको हुनाले खर्च पुष्टि हुने बिल भरपाइ पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

५५			**उपभोक्ता समिति मार्फत काम**	
५५.१			दर रेट – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गर्ने कार्यको लागि डोलिडारले तयार गरेको नर्म्सको प्रयोग गर्ने गरेको छ । पि.सि.सि.गर्ने कार्य १:२:४ को लागि डोलिडारले तयार पारेको नर्मस प्रयोग गरी दर निर्धारण गर्दा प्रति घ.मी. रु. ११,३१४। ७६ हुनेमा नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार दर राखी कार्य गराएकोले बढी दर राखी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.	९०,७३१

मिति	उ.स.को नाम	आईटम	विश्लेषण	भुक्तानी दर	बढी रेट	परिमाण	बढी रु
६०९–२०७८।३।२३	रमवापुरपिसिसि ढलान उ स	pcc for Rcc	११३१४.७६	११८६९.७६	५५५	२८.२९	१५७०१
३८३–२०७७।१२।२६	मकरी गाउँमा सडक स्तरोन्नती उ स	pcc for Rcc	११३१४.७६	११८९४.७१	५७९.९५	७६.०३	४४०९३
५१०–२०७८।३।१५	शिवपुरगाँउमा बाटो स्तरोन्नती उ स	pcc 1:2:4	११३१४.७६	११८६९.७६	५७९.९	४७.१४	२७३३४
		pcc 1:3:6	९७५९.६८	१०७६६	१००७	३.५८	३६०३
	जम्मा						९०७३१

५५.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ ।गुणास्तर परीक्षण वापतको रकम भुक्तानी गर्दा देहाय अनुसारका भौ.नं. र मितिबाट उपभोक्ता समितिले पेश गरेको विजक भन्दा बढी रकम कार्यसम्पन्न प्रतिवेदन तथा नापीमा समावेश गरी भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको असुल गर्नु पर्ने रू.	८,५००

भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	कार्य	परीक्षण गर्ने निकाय	वीजक अनुसारको रकम	मूल्यांकन	बढी भक्तानी
३०६–२०७७।११।१३	मायादेवी मन्दिर देखि भित्र दक्षिण पीसीसी उ स	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२०००	१०००
६०९–२०७८।३।२३	रमवापुर पिसिसि ढलान उ स	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२०००	१०००
३८३–२०७७।१२।२६	मकरी गाउँमा सडक स्तरोन्नती उ स	पिसिसि गर्ने कार्य	मायादेवी गा.पा.	१०००	३०००	२०००
५८९–२०७८।३।२२	वडा स्तरीय पिसिसी ढलान उ स	पिसिसि गर्ने कार्य	मायादेवी गा.पा.	१०००	१५००	५००
४३२–२०७८।१।८	इन्दर अहिरको घरदेखि पूर्व रामदाशको घर सम्म उ स	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२०००	१०००
३४९–२०७७।१२।११	भिलरहवा गाउँभित्र पिसिसि ढलान उ स	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	१०००	२०००	१०००
६३०–२०७८।३।२४	इन्दर अहिरको घरदेखि पूर्व रामदाशको घर सम्म उ स	पीसीसी गर्ने कार्य	मायादेवी गा.पा.	०	२०००	२०००
जम्मा						८५००

५५.३

जनश्रमदान– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । ।Boring Tubewell by Sludger method- norms guideline vol 11/item no 1,2,3,4 & 5 मा बोर जडान गर्दा साधारण ज्यामीको खर्च श्रमदानबाट गराउने पर्ने उल्लेख गरेको छ । तर पालिकाले निम्न योजनामा लागत अनुमान तयार गर्दा साधारण ज्यामीको खर्च समेत जोडी तयार गरेकोमा कार्यसम्पन्न प्रतिवेदन र नापी विवरण अनुसार भुक्तानी रकममा उपभोक्ताको लागत साझेदारी कम देखिएकोले अपुग रकम सम्वन्धित उपभोक्तावाट असुल गर्नुपर्ने रु

नाम	कार्यसम्पन्न	भुक्तानी	गहिराइ	परिमाण	दर	रकम	जम्मा रकम	उ स साझेदारी	कम रकम
कृषि सिचाई कप्टी वोर जडान	970875	892530	0-20	111.88	222	26169.4	220419	78345	142074
			60-70	350	555	194250			
कोमरहवा गाउँमा सिचाई वोर जडान	645696	600000	0-20	88	222	19536	150516	45696	104820
			60-70	236	555	130980			

२४६,८९४

५६

लाभग्राही समुदायबाट निर्माण कार्य

५६.१

हेण्डपाइप वितरण: ५६२-२०७८।३।२१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ ।गाउँस्तरिय हेण्डपाइप वितरण योजनाका लागि रु ८ लाख विनियोजन भएकोमा लागत अनुमान तयार गर्दा जोडनका लागि दक्ष कामदारको लागि २८५.०६ Rm को रु ४३४.२० दरले जम्मा रु १२३७७३.४८ भुक्तानी दिएको छ । नापी विवरण अनुसार हेण्ड पाइप वितरणमात्र गरिएकोले दक्ष कामदारको लागि भुक्तानी दिनु पर्ने देखिदैन । हेण्डपाइप जडान उपभोक्ता समितिलाइ काम भन्दा वढी भुक्तानी दिइएको असुल उपर गर्नुपर्ने रु

१२३,७७३

५६.२

योजना परिवर्तन – योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । यसवर्ष वडाको स्वीकृतमा कार्यक्रम संशोधन गरि सभामा कार्यक्रम स्वीकृत नगरि खर्च गरेको देखियो । कार्यपालिकाको निर्णयबाट योजना परिवर्तन नगरी वडाले योजना संशोधन गरेको बजेट खर्च उचित नदेखिएको रु.

स्वीकृत योजना	विनियोजित रकम	संशोधित योजना	खर्च
कोभिड प्रभावित राहत सामग्रि वितरण	300000	कोमरहवा गाउँमा सिचाई व्यवस्थापन	300000
पिछडिएका कृषकहरुलाई अवलोकन भ्रमण	300000	कोमरहवा गाउँमा सिचाई व्यवस्थापन	300000
सार्वजनिक जग्गामा तारवार गरि वृक्षारोपण		सडक पि सि सि गर्ने कामका लागि थप	349090
		जम्मा	९४९०९०

९४९,०४९

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५६.३</td><td></td><td></td><td>मौज्दातबाट योजना; योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । गत वर्षको पिसिसि ढलान उत्तर र दक्षिण बनकसियाको लागि विनियोजन भएको वजेटमध्ये खर्च नभएको रु ३१४०६४ बजेटलाइ यो वर्ष अ ल्या गरेको छ । आ व २०७७।७८ मा कृषि वोर जडानका लागि विनियोजन रु ५ लाख भएकोमा अगिल्लो वर्षको खर्च नगरि राखेको बजेट यस वर्ष सभाको स्वीकृत वेगर खर्च गरेको रु ८१४०६४ नियमसम्मत नदेखिएको रु</td><td>८१४,०६४</td></tr>
<tr><td>५६.४</td><td></td><td></td><td>विनियोजित भन्दा वढी भुक्तानी: ५८५-०७८।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित वजेटको सीमाभित्र रहि रीतपूर्वकको कागजात प्राप्त भएपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले विद्युतीय पोल जडानका लागि रु १ लाख ५० हजार विनियोजन गरेकोमा कार्यसम्पन्न प्रतिवेदनको आधारमा विद्युतीय पोल जडान उपभोक्ता समिति लाई रु १५४४४३४ भुक्तानी गरेकोले विनियोजित रकम भन्दा वढी भुक्तानी भएको रु ४४३४ हजार फिर्ता गर्नुपर्ने रु</td><td>४,४३४</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>अनुगमन र सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<table><tr><td>गत वर्षसम्मको बेरुजू
(A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू
(B)</td><td>गत वर्षसम्मको बाँकी बेरुजू
(C=A-B)</td></tr><tr><td>45208000</td><td>0.0</td><td>45208000</td></tr></table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>अद्यावधिक वेरुजु
यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<table><tr><td>गत वर्षसम्मको बाँकी बेरुजू(A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</td><td>यो वर्ष कायम बेरुजू(C)</td><td>संपरीक्षणबाट कायम बेरुजू(D)</td><td>अध्यावधिक बाँकी बेरुजू
(E=A-B+C+D)</td></tr><tr><td>45208000</td><td>0.0</td><td>33612177</td><td>0.0</td><td>78820177</td></tr></table></td><td></td></tr>
</table>